# नेपाली काङ्ग्रेस, आदिवासी जनजाति र सम्वन्धित नीतिहरू

**डा. सावित्री थापा गुरुङ**
प्राध्यापक राजनीतिशास्त्र, त्रि.वि., इमेलः savitreegurung@gmail.com

## लेखसार

नेपाली काङ्ग्रेस, आदिवासी जनजाति र सम्बन्धित नीतिअन्तर्गतको यो लेखमा नेपाली काङ्ग्रेसमा आदिवासी जनजातिहरूको बारेमा भएका नीतिहरूको बारेमा चर्चा गरिएको छ । सुरुमा नेपाली काङ्ग्रेसको स्थापना र विकासको बारेमा चर्चा गरिएको छ । त्यसपछि आदिवासी जनजातिको परिचय दिइएको छ । यसमा विभिन्न विद्वान् तथा सङ्घसंस्थाले दिने गरेका आदिवासी जनजातिसम्बन्धी व्याख्याहरू रहेका छन् । त्यसपछि आदिवासी जनजातिको नेपाली काङ्ग्रेससँगको सम्बन्ध र नेपाली काङ्ग्रेसमा उनीहरूको योगदानको बारेमा छोटो चर्चा गर्नुका साथै नेपाली काङ्ग्रेसको आदिवासी जनजातिहरूसम्बन्धी नीतिहरूको बारेमा चर्चा गरिएको छ ।

## सूत्रशब्द

नेपाली काङ्ग्रेस, आदिवासी जनजाति, नीति नियमहरू, पहिचान, हक र अधिकार, बहुभाषिक, बहुधार्मिक, वहुजातीय ।

## पृष्ठभूमि

नेपाली काङ्ग्रेसले स्थापना कालदेखिले आदिवासी जनजातिहरूलाई पार्टी र सरकार दुवैमा सहभागी गराउँदै आएको छ । अहिले जस्तो विभिन्न किसिमका समानुपातिक समावेशीकरणको नीतिको खासै लिखित प्रावधान नहुँदा पनि इतिहासको पहिलो कालखण्डमा आदिवासी जनजातिको उल्लेखनिय उपस्थिति/सहभागिता थियो । वर्तमान समयमा आदिवासी जनजातिको सन्दर्भमा पार्टीको विधान तथा अन्य दस्तावेजहरू तथा संविधान तथा अन्य नियम कानुनहरूमा उनीहरूको सहभागिता तथा उन्नयनको वारेमा प्रशस्त लेखियता पनि खासै अर्थपूर्ण उपस्थिति पाइएको छैन । त्यसैले नीति नियम मात्रले रूपान्तरण हुन सक्दैन, मानसिकता नै परिवर्तन हुनुपर्छ । अघिल्लो कालखण्डको तुलनामा यस कालखण्डमा आदिवासी जनजातिहरूलाई विभिन्न राजनीतिक दल विशेष गरी नेपाली काङ्ग्रेसले आफ्ना पार्टीका सबै निकायमा सक्रिय सहभागिता गराउँदै राज्यको मूल धारमा पुऱ्याउने क्षमता अभिबृद्धि गराउनुमा आफ्ना विभिन्न नीतिनियमहरूलाई पनि परिमार्जन गराउँदै लगिएको देखिए तापनि त्यो आदिवासी जनजातिहरूले पर्याप्त नभएको महसुस र गुनासो गरेको पाइन्छ । त्यसैले पार्टी यस्ता संवेदनशील विषयमा जहिले पनि सहज र सचेत रहनुपर्छ भन्ने सम्पूर्ण आदिवाशी जनजातिहरूको धारणा रहेको पाइन्छ । नेपाली काङ्ग्रेसमा आदिवासी जनजातिको हक, अधिकार, सहभागिता, पहिचान तथा सम्मान र मर्यादालाई समाहित गरी प्रशस्त नीतिहरू बनेको पाइन्छ ।

## अध्ययनको समस्या र सीमा

यस लेखमा नेपाली काङ्ग्रेसको आदिवासी जनजातिसम्बन्धी नीति नियमहरूको बारेमा छलफल गरिएको छ तर त्यस्ता नीतिनियमहरूको कार्यान्वयनको बारेमा यस लेखले समेट्न सकेको छैन। अतः यस लेखले त्यस्ता नीतिनियमहरूको कार्यान्वयन पक्ष हेर्न नसकेको तथ्य अध्ययनको समस्या र सीमा हो।

## अनुसन्धान विधि

यो लेख अनुसन्धानात्मक लेख हो। त्यसैले यसमा प्रशस्त अनुसन्धान गरिएको छ तर त्यस्तो अनुसन्धानमा प्रयोग गरिएका तथ्यहरू दोश्रो स्रोतबाट लिइएका हुन्। यस क्रममा विभिन्न ग्रन्थ एवम् लेखहरूमा प्रकाशित सामग्रीहरूको समीक्षा गरिएको छ।

## अनुसन्धानमा समेटिएका प्रश्नहरू

यस लेखमा नेपाली काङ्ग्रेसको स्थापना र विकास क्रम कस्तो रहेको छ ? आदिवासी जनजातिको बारेमा विभिन्न विद्वान्हरूले दिएका परिभाषा के कस्ता रहेका छन् ? आदिवासी जनजातिलाई नेपाली काङ्ग्रेसमा के कस्तो स्थान दिइएको छ ? नेपाली काङ्ग्रेसमा आदिवासी जनजातिले खेलेका भूमिका के के रहेका छन् ?) नेपाली काङ्ग्रेसका विभिन्न दस्तावेजहरूमा आदिवासी जनजातिसम्बन्धी नीतिनियमहरू के रहेका छन् ? र त्यस्ता नीतिहरू के पर्याप्त रहेका छन् ? भन्नेजस्ता विभिन्न अनुसन्धानका प्रश्नहरूको सम्वोधन गरिएको छ।

## नेपाली काङ्ग्रेसको स्थापना

नेपाली काङ्ग्रेसको स्थापनाको क्रममा सुरुमा २००३ को कार्तिक १५ मा एकतन्त्रीय राणाशासनको अन्त्य गरी प्रजातन्त्र प्राप्ती गर्नका लागि एउटा पार्टीको आधारशिलाको रूपमा एउटा तयारी समितिको गठन गरिएको थियो, जसको नाम थियो “अखिल भारतीय राष्ट्रिय काङ्ग्रेस”, यसका संयोजक बी. पी. कोइराला रहेका थिए। यसलाई नेपाली काङ्ग्रेसको स्थापनाको पूर्वाधारको रूपमा लिन सकिन्छ। यसै तयारि समितिले २००३ को माघ १२ र १३ गते कलकत्तामा प्रथम अधिवेशन बोलाइएको थियो र प्रशस्त छलफलपछि पार्टीको नाम सर्वसम्मतिले “नेपाली राष्ट्रिय काङ्ग्रेस” राख्यो।

त्यस्तै अर्कोतिर समान उद्देश्य लिएर अर्को पार्टी पनि गठन गरिएको थियो। “नेपाल प्रजातन्त्र काङ्ग्रेस” जसको प्रथम अधिवेशन २००५ को पौष १५ को दिन कलकत्ता स्थित महाविर शमशेरको टाइगर सिनेमा हलमा सम्पन्न भएको थियो।

वस्नेत (२०६६: १३४) काअनुसार “वास्तवमा एकतन्त्रीय राणाशासनको विरोधमा उभिएका सबै शक्तिमा एकता कायम कायम हुनुपर्छ, भन्ने बीपीको पहिले देखिको सोचाइ रहेको थियो। उनले नयाँ पार्टीको निमार्णमा लागेका सूर्यप्रसाद उपाध्याय र सुवर्ण शमशेरसँग आफ्नो यो धारणा व्यक्त गरेका थिए...नेपाल प्रजातन्त्र काङ्ग्रेसका नेताहरूको उद्देश्य पनि छिटो भन्दा छिटो एकतन्त्रीय राणाशासनको अन्त्य गरी प्रजातन्त्र प्राप्ती गर्नु थियो। दुवैको समान उद्देश्य रहेको तथा नेपाल प्रजातन्त्र काङ्ग्रेससँग स्रोत र साधन प्रशस्त भएको अर्कोतिर नेपाली राष्ट्रिय काङ्ग्रेससँग जनशक्ति प्रशस्त रहेको सन्दर्भमा ‘धन-वल’ र ‘जन-वल’ एकै ठाउँमा समाोजन हुन सकेमा प्रजातन्त्र प्राप्ति गर्ने लक्ष्य प्राप्तिमा पुगिने सोचाइ, पछि दुवै पार्टीका नेताहरू दुई पार्टीको एकीकरण

गर्नुपर्ने कुरामा सहमत हुन पुगे । दुई समान उद्देश्य लिएका पार्टीहरूलाई एकीकरणको सहमतिमा पुऱ्याउन बी. पी. र सुवर्ण शमसेरको विशेष प्रयत्न रहेको थियो" ।

चरण चरणमा प्रशस्त छलफलहरू भए र सन् १९५० को मार्च १५ का दिन "नेपाली राष्ट्रिय काङ्ग्रेस" र "नेपाल प्रजातन्त्र काङ्ग्रेस"को संयुक्त बैठक बस्यो । त्यो संयुक्त बैठकको छलफलले पार्टी एकीकरणलाई सिद्धान्तत स्विकार गऱ्यो । मिति २००६ चैत्र २७ गते दुई पार्टीको एकीकरणको वारेमा अधिवेसन गरी आधारभुत समभ्रूदारिहरू तय गरिएको थियो । त्यही छलफलपछि दुवै पार्टीको एकीकृत नाम 'नेपाली काङ्ग्रेस' राखियो (वस्नेत, २०६६) जसले सुरुवातमा नेपाली काङ्ग्रेसले आदिवासी जनजाति तथा महिलालाई स्थान दिएको देखिन्छ ।

त्यसपछि नेपाली काङ्ग्रेसले नेपालबाट एकतन्त्रीय जहानियाँ राणाशासन विरुद्ध सशस्त्र संघर्ष गऱ्यो, जसको निष्कर्षमा राणाहरू राजा त्रिभुवन तथा नेपाली काङ्ग्रेसको बिचमा दिल्लीमा संभ्रौता भइ राणा र काङ्ग्रेसको सरकार बन्यो । मिति २००७ फागुन ७ गते नेपाली काङ्ग्रेस र राणाको संयुक्त मन्त्रीमण्डलमा नेपाली काङ्ग्रेसबाट समावेशी प्रतिनिधित्व भएको थियो (वस्नेत, २०६६) । त्यस्तै गरी २०१५ सालको आमनिर्वाचन पछि, २०१६ साल असार १६ गते नेपाल अधिराज्यको संविधान २०१५ पूर्ण रूपले लागु भयो (अधिकारी, २०५९) ।

बी.पी. कोइरालाको पहिलो निर्वाचित मन्त्रीमण्डलमा जुन प्रतिनिधित्व थियो, समयको हिसाबले समावेशी रहेको पाइन्छ, जसमा निम्नलिखित व्यक्तिहरूको सहभागिता रहेको थियो, अधिकारी (२०५९ः १४०) काअनुसार, त्यसवेलाको मन्त्रीमण्डल यसप्रकार रहेको थियो ।

१. प्रधानमन्त्री - विश्वेश्वरप्रसाद कोइराला
२. उपप्रधानमन्त्री- सुवर्णशमशेर ज.ब.रा
३. मन्त्री-गणेशमान सिंह
४. मन्त्री- सूर्यप्रसाद उपाध्याय
५. मन्त्री- रामनारायण मिश्र
६. मन्त्री- काशीनाथ गौतम
७. मन्त्री-परशुनारायण चौधरी
८. मन्त्री- शिवराज पन्त
९. मन्त्री- सूर्यदास यादव
१०. मन्त्री- प्रेमराज आगंदम्वे
११. मन्त्री- डा. तुलसी गिरी
१२. उपमन्त्री- ललित चन्द
१३. उपमन्त्री- द्वारिकादेवी ठकुरानी
१४. उपमन्त्री - मीन वहादुर गुरुङ
१५. उपमन्त्री- जमानसिँग गुरुङ
१६. उपमन्त्री- नेवबहादुर मल्ल
१७. उपमन्त्री- योगेन्द्रमान शेरचन
१८. उपमन्त्री- शिवप्रताप शाह
१९. उपमन्त्री- दिवान सिंह राई

तर नेपाली काङ्ग्रेसले त्यस समयमा डेढ वर्षभन्दा बढी शासन गर्न पाएन, किनकि राजा महेन्द्रले बी.पी. कोइरालाको पहिलो निर्वाचित सरकारलाई २०१७ साल पुष १ गते जवर्जस्ती अपदस्थ गरे र निरकुंश पञ्चायती शासन लागु गरे । उक्त एकदलिय निरकुंश पञ्चायति शासन ३० वर्षसम्म अनवरत चल्यो । त्यसपछि बहुदलीय व्यवस्थाको पुनस्थापना नहुँदा सम्मको विभिन्न चरणका आन्दोलन तथा सङ्घर्षहरूमा धेरै आदिवासी जनजातिहरूले आफ्नो जीवन वलिदान दिनुका साथै अन्य योगदान दिएका छन् ।यस क्रममा कैयौं आदिवासी जनजाति शहिद भए, हजारौंको अङ्गभंग भयो भने कैयौंको सर्वस्व हरण भयो तथा कैयौं घरवारविहीन भइ विदेशिन वाध्य भए ।

नेपालको संविधान (२०७२) को प्रस्तावनामा नेपाललाई वहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको मुलुकको रूपमा परिभाषित गरेको छ । त्यस्तै नेपालको संविधानले समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प पनि गरेको छ । यसलाई मध्यनजर गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट विभिन्न राजनीतिक दलहरू कृयाशील रहेका छन् । तिनै राजनीतिक दलहरू मध्ये सबै भन्दा पुरानो र देशको सबै भागमा आफ्नो शाखाहरू र सङ्गठन भएको राजनीतिक दल 'नेपाली काङ्ग्रेस' हो, जसको उत्पत्ति, गठन र इतिहासको वारेमा अगाडि चर्चा गरिसकिएको छ ।

नेपाली काङ्ग्रेस आफ्ना स्थापना कालपछि पटकपटक देशको शासन सञ्चालन प्रकृयामा पुगेको छ । देशमा एकतन्त्रीय राणाशासन अन्य गरी प्रजातन्त्र ल्याउन यस पार्टीले राणा विरुद्ध सशस्त्र आन्दोलन गरेको थियो । प्रजातन्त्र प्राप्ती पछि भएको २०१५ को संसदीय निर्वाचनमा यो पार्टीले दुई तिहाई मतले विजय हासिल गरेको थियो । नेपाली काङ्ग्रेससँग नेपाली जनताले ठुलो आशा राखेका थिए । पटकपटकको आन्दोलनमा आदिवासी जनजातिको नेपाली काङ्ग्रेस पार्टीमा ठुलो योगदान रहेको छ, यस लेखमा तिनै आदिवासी जनजातिहरूको बारेमा चर्चा गरिने छ ।

## आदिवासी जनजातिः एक परिचय

जनजाति र आदिवासी शब्दलाई सामान्यतया एउटै अर्थमा लिएको पाइन्छ । वास्तवमा जनजाति सामाजिक वनोटसँग सम्बन्धित र आदिवासी काल वा समयसँग सम्बन्धित विषय हुन् । अथवा जनजाति वा जाति भन्नाले जात विभाजन नभएका जमातलाई जनाउंछ भने आदिवासी वा रैथाने भन्नाले पुराना वासिन्दालाई जनाउँछ । नेपालको सन्दर्भमा जनजाति भनेको आफ्नै विशेष थलो, भाषा, धर्मिक संस्कार तथा संस्कृति भएका समुहहरू र जात भनेको ठुलो/सानो वर्णाश्रममा विभाजित, भारोपेली भाषा, हिन्दु धर्म तथा संस्कृति भएका समुह हुन् । अर्को फरक हो अधिकांश जनजाति मंगोल/किराती र जात ककेशाई वंशका हुन्.....उनीहरूको थलोको आक्रमण, नेपाली भाषाको बिस्तार, धर्म संस्कारमा हिन्दुकरण र अर्थ राजनैतिक शोषण नेपालको आधुनिक इतिहासका वास्तविकता हुन् । त्यसैले हाम्रा अधिकांश जनजाति आर्थिक र राजनैतिक रूपबाट पिछडिएका छन्" (गुरुगं र अन्य, १९९९मार्फत न्यौपाने, २००५ः ३३) ।

आदिवासी जनजातिको परिचय दिँदै सुव्वा (२०५५) भन्छन् "आफ्नो मातृभाषा र परम्परागत रितिरिवाज भएको तर चार वर्णको हिन्दु वर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरू जनजातिअन्तर्गत पर्दछन् । जनजाति भन्नाले निम्न विशेषताहरू भएका समुदायलाई जनाउँछः-जसको आफ्नो छुट्टै सामुहिक सांस्कृतिक पहिचान छः

- जसको परम्परागत भाषा, धर्म, रितिरिवाज र संस्कृति छ ।
- जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ ।
- जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ ।
- जसको लिखित वा अलिखित इतिहास छ ।
- जुन समुदायभित्र "हामी-भावना" जुन समुदायहरूको आधुनिक नेपालको राजनीति र राज्य सञ्चालनमा निर्णायक भूमिका छैन ।
- जो नेपालको आदिवासी हो ।
- जसले आफूलाई आदिवासी भन्छ ।

चैतन्य सुव्वाका (२०६०) काअनुसार नेपाल बहुजतीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक मुलुक हो तर नेपालमा संधैं उच्च जाति, खस नेपाली भाषा, उच्च जातिको शासकको संस्कृति र हिन्दु धर्मको एकछत्र रजाइ चलिआएको छ। उच्च जातिको राज्यसत्ता र राज्यको संसाधनमा एकाधिकार कायम छ। वहाँ अगाडि भन्नहुन्छ (पृः१०) "एक भाषा, एक भेष, एक धर्मको नीतिले हिन्दु उच्च जातीको भाषा, भेष, धर्म र संस्कृति अरूमाथि थोपर्ने काम भएको छ। पछिल्ला अर्थात् पञ्चायतकालमा आएर हिन्दु उच्च जातीहरूको प्रभुत्वमा रहेको राज्य व्यवस्थाको कारणले उनीहरूको तथाकथित संस्कृतिले सार्वजनिक रूपमा विकास गर्ने अवसर पायो र अन्य जाति वा आदिवासी जनजातिहरूको भाषा, धर्म तंथा संस्कृतिको नाश गर्ने जवर्जस्ती कार्यहरू भयो जसका विरुद्ध आवाज उठाउनेहरूलाई निर्ममतापूर्वक दमन गरियो" (सुव्वा २०६०:१०)।

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २ ले "आदिवासी/जनजाति" भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय भनी परिभाषित गरेको छ (आदिवासी जनजाति विकीपिडिया)।

नेपाल एक बहुभाषिक, बहुधार्मिक, वहुजातीय, बहुसांस्कृतिक मूलुक हो । मूलबासी समुदायहरूको सङ्ख्या पहिले करिब ३५ प्रतिशत भनिएको थियो, जसमा १०० भन्दा बढी जातजातिहरू रहेका छन्, (तर पछिल्लो समयमा नेपालमा वोलिने भाषा र आदिवासी जनजातिको सङ्ख्या १३१ पुगेको छ, यद्यपि यो सङ्ख्या सुरुवातिमा ५९मात्र थियो)। यी समुदायहरूको भाषा, कला, लोक सँगीत र जीवनशैली नेपालकै ऐतिहासिक र सांस्कृतिक धरोहरको रूपमा मानिन्छ। देशको कुल जनसङ्ख्याको करिव ३७ प्रतिशत आदिवासी जनजाति वसोवास गर्दछन् (गुरुङ, २०६४ः १५०)।

गुरुङ (२०६४) काअनुसार "नेपालमा सूचीकृत गरिएका आदिवासी जनजाति मध्ये कुसुण्डा, वनकरिया, छैरोत्तन राउटेजस्ता अत्यन्तै थोरै जनसङ्ख्यादेखि लिएर मगर, तामागं, थारू जातिको दशलाखभन्दा बढी जनसङ्ख्या छ। यही समुदायभित्रको आर्थिक अवस्था अत्यन्तै कमजोर भएका कुसुण्डा, सुरेल, हायु राजी, लेप्चाजस्ता लोपोन्मुख समुहदेखी उन्नत नेवार, थकालीजस्ता समुहका पनि छन्।

समग्रमा हेर्दा अधिकांश आदिवासी जनजातिहरू आर्थिक, सामाजिक, शैक्षिक राजनैतिक क्षेत्रमा वन्चितमा पारिएका छन्। उनीहरू राज्यको मूल प्रवाहमा भने पूर्ण रूपमा सहभागी हुन सकेका छैनन्। देशमा वस्ने प्रत्येक समुदाय तथा जातजातिहरूको समानुपातिक, सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै मुलुकको दिगो उन्नतिको प्रत्याभुति हुन्छ (गुरुङ, २०६४ः १५०)।

## आदिवासी जनजातिसम्वन्धि नीतिनियमहरू

नेपालको संविधान २०७२ ले आदिवासी जनजातिहरूलाई लक्षित गरी विभिन्न किसिमका प्रावधानहरू राखेको छ। नेपालको संविधान २०७२ को धारा ४२ न. को प्रावधानअनुसार सामाजिक न्यायको हकमा "आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपागंता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ" (पृः१७)।

नेपालको संविधान (२०७२)मा आदिवासी जनजातिका वारेमा धारा ५१ को "सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीति"को उपधारा ८ मा "आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक वाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै समुदायसँग सरोकार राख्ने, निर्णयहरूमा सहभागी गराउने छ।

आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सिप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गर्ने। यो समुदायको पहिचान र अवसरलाई जोड दिएको पाइन्छ। नेपाली काङ्ग्रेस पार्टीले आफ्नो स्थापनाकालदेखि नै राज्यको सबै निकायमा समान हिस्सेदारी र सहभागी हुनुपर्ने कुरामा जोड दिएको थियो। त्यो विषयलाई २००७ सालको क्रान्तिपछि गठन भएको मन्त्रीमण्डलले पनि देखाउँछ। उक्त अन्तरिम सरकारमा क्रान्तिको अगुवाई गर्ने काङ्ग्रेस तथा राणापट्टिबाट ५/५ जना गरी १० जनाको मन्त्रीमण्डल गठन हुने समझदारी थियो। यद्यपि क्रमशः अन्य मानिसहरूलाई पनि समावेश गर्ने भन्दै टंकप्रसाद आचार्य, खड्ग मान सिंहहरू पनि मन्त्री हुने भनी दिल्ली पुगेका थिए तर उनीहरूको कुरा माथि सुनुवाई भएन। वीपि, सुवर्ण शमशेर र गणेशमान सिंह ३ जना मन्त्रीमण्डलमा जाने विषयमा दुई मत भएन। त्यस बेला मन्त्रीमण्डलमा लैजानका लागि सन्तुलनको आवश्यकता थियो। खनाल (२०८०: पृष्ठ २८) लेख्छन्, "काङ्ग्रेसको तर्फबाट मन्त्रीहरूको चयनमा क्षेत्रीय तथा जातीय सन्तुलन कायम गर्नु पनि आवश्यक थियो। नेहरूले पनि त्यो आवश्यकता देखाएका थिए तराई/मधेश र पश्चिम तिरबाट पनि १/१ जनाको प्रतिनिधित्व होस् भन्ने थियो"।

यिनै उहापोहमा भरतमणि शर्मा र सूर्यप्रसाद शर्माको नाम आयो, हुन त भरतमणि शर्माभन्दा नाम चलेका अरू पनि थिए, ती मध्ये महेन्द्र विक्रम शाहलाई राख्न बीपीले मानेनन् तराईबाट रामेश्वरप्रसाद सिंहलाई बीपीले राख्न चाहेका थिए, बीपीले भद्रकाली मिश्रलाई भन्दा रामनारायण मिश्रलाई राख्न चाहन्थे तर भद्रकाली मिश्रलाई भारतीय राजदूत सिपी एनसिंहले चाहेका हुनाले अन्त्यमा भद्रकाली मिश्र नै मन्त्रीमण्डलमा परे भने सुरूमा भरतमणि शर्मा र त्यसको ३ महिनापछि सूर्य प्रसादलाई समावेश गराईयो।

नेपाली काङ्ग्रेसले आफ्नो विधानमा विभिन्न समय समयमा पार्टीलाई पूर्ण समावेशी बनाउने हिसावले बिभिन्न नीति नियमहरू परिवर्तन गरेका छन्। जस्तै नेपाली काङ्ग्रेसको विधानमा देशका सम्पूर्ण आदिवासी जनजातिहरूलाई पार्टीको मूल प्रवाहमा समाहित गर्नका लागि भनि "नेपाली काङ्ग्रेस आदिवासी जनजाति विभाग"को व्यवस्था गरेको छ। जुन विभागमा नेपाली काङ्ग्रेसप्रति प्रतिबद्ध आदिवासी जानजाति कार्यकर्ताहरू जो मुलुकभर क्रियाशील छन् उनीहरू मध्येबाट छनौट गरी केन्द्रीय विभागमा विभिन्न सदस्यहरू मनोनयन गर्ने व्यवस्था छ। त्यस्तै नेपालमा रहेका सम्पूर्ण आदिवासी जनजाति जातजातिहरू जो पार्टीमा क्रियाशील छन् उनीहरूलाई सक्रिय बनाउनका लागि वडा, जिल्ला, प्रदेश, केन्द्र सबै ठाउँमा "नेपाल लोकतन्त्रवादी आदिवासी महासंघ" गठन गरी त्यसमा सबैलाई क्रियाशील हुने अवसर प्रदान गरेको छ।

नेपाली काङ्ग्रेसले आफ्नो विधान २०१७ (नवौं संशोधन), को प्रस्तावना मा नै "राष्ट्रियता र लोकतन्त्रको संरक्षण र संम्वर्धन गर्दै लोकतान्त्रीक समाजवादको आदर्शअनुरूप समानुपातिक समावेशी सिद्धान्तका आधारमा नेपाललाई सभ्य, सुखी, सम्पन्न राष्ट्रका रूपमा स्थापित गरी...." भनी समावेशीतालाई जोड दिएको पाइन्छ (पृः ३)।

काङ्ग्रेसले मूलुकका सबै वर्ग, समुदायलाई सक्रिय बनाई राज्यको मूलधारमा ल्याउने आफ्नो नीति सिद्धान्त अवलम्बन गरेको छ। जस्मा आदिवासी जनजाति पनि पर्दछ। त्यसको बारेमा गुरुङ (२०८१) लेख्नुहुन्छ, "मुलुकको राज्य संरचनामा सबै अङ्गमा मधेसी, दलित, आदिवासी, जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउनेजस्ता अग्रगामी आवाजहरू आइरहेको आजको अवस्थामा पनि राजनीतीक दलहरू तथा राज्यसत्ता गम्भीर हुन नसकेकोमा बी.पी. कोइरालाले यो अवधारणा ६/७ दशक अघिदेखि नै लागु गरिसकेका थिए। (पृ. ९३)

सबैलाई समेट्नुपर्ने अवधारणा सर्वप्रथम बीपीले नै नेपाली काङ्ग्रेस पार्टीमा लागु गरेका थिए, जस्तै २००९ सालमा धनमान सिंह परियारलाई नेपाली काङ्ग्रेसको महामन्त्री बनाइएको थियो। त्यस्तै २०१५ सालको आम चुनावपछिको पहिलो मन्त्रीमण्डल नै द्वारीकादेवी ठकुरानीलाई मन्त्री बनाइएको थियो। उनले आफ्नो उपन्यास सुम्नीमाबाट आदिवासी जनजातिहरूको पहिचानलाई अत्यन्त सकारात्मक रूपमा मान्यता दिएको देखिन्छ। उहाँको मन्त्रीमण्डलमा राई, गुरुङ, थकाली तथा नेवार आदिजस्ता आदिवासी जनजाति प्रशस्त थिए। एकातिर भने राजनीतिक दलमा पनि उपरोक्त वर्गबाट थुप्रै महत्त्वपूर्ण स्थान दिइएको थियो (गुरुङ, २०८१,९३)।

नेपाली काङ्ग्रेसका वर्तमान सभापति शेरबहादुर देउवाले १४औं महाधिवेशनमा दिनुभएको प्रतिबद्धतामा यस पार्टीलाई 'समावेशी पार्टी' भन्नुभएको छ। उहाँ भन्नुहुन्छ, "नेपाली काङ्ग्रेसकै विगत महासमितिको बैठकबाट नेपालको संविधान र राजनीतिक दलसम्बन्धी विधानअनुरूप पार्टीमा विधान संशोधन गरी पार्टीलाई पूर्ण रूपमा संघीयकरण र समावेशीकरण गरिएको छ। अहिले नेपाली काङ्ग्रेसमा प्रत्येक तहमा महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम अशक्त तथा अपाङ्गता भएका व्यक्ति पिछडिएको क्षेत्रको समुचित प्रतिनिधित्व सुनिश्चतता गरिने गरी विधान निर्माण गरिएको छ (देउवा २०७८, पृष्ठ ४)।

देउवा (२०७८) अगाडि भन्नुहुन्छ, "नेपाली काङ्ग्रेसलाई सबैभन्दा ठुलो र बढी समावेशीयुक्त पार्टीका रूपमा स्थापित गर्ने मेरो सङ्कल्प छ" (पृष्ठ ४)

मिति २०७० मै नेपाली काङ्ग्रेस केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानद्वारा प्रकाशित पुस्तिकामा आदिवासी जनजातिका सम्बन्धमा नेपाली काङ्ग्रेसको नीतिका बारेमा निम्नलिखित नीतिको उल्लेख गरिएको छ (नेपाली काङ्ग्रेस केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान, २०७०:३४)

- जनजातिहरूको भाषा, लीपी, धर्म तथा संस्कृतिलाई राज्यको पुँजीको रूपमा संरक्षण गर्ने
- पार्टीले आरक्षित गरेका विभिन्न पदहरूमा जनजातिहरूको समानुपातिक रूपमा सुनिश्चित गर्ने
- पीडित तथा असक्षम जनजातिहरूको हक तथा अधिकारका सम्बन्धमा विशेष व्यवस्था गर्ने
- आदिवासी जनजातिको बहुल्य भएको निर्वाचन क्षेत्रमा आदिवासीजनजातिलाई उम्मेदवार बनाउन प्राथमिकता दिने
- शिक्षाको क्षेत्रमा विपन्न आदिवासी जनजातिका बालबालिकालाई +२ सम्म निशुल्क शिक्षा र पाठ्य सामग्री निशुल्क प्रदान गर्ने
- शिक्षा स्वास्थ्यको विशेष कार्यक्रम ल्याउने
- जनजातिको पहिचान, विकास र सहभागिता वृद्धिका लागि विशेष कार्यक्रम ल्याउने
- जनजातिहरूको मौलिक सिपलाई व्यावसायीकरण गर्न विशेष योजना सञ्चालन गर्ने

- जनजातिलाई आवश्यक प्राथमिकता दिन जनजातिका लोकप्रिय व्यक्तित्वको पहिचान गरी उचित स्थान दिने र काङ्ग्रेसमा आकृष्ट गर्ने नीति बनाउने (पृष्ठ ३४ देखि ३५)।

नेपाली काङ्ग्रेसको संविधान सभा निर्वाचन -२०६४ मा पनि आदिवासी जनजाति समुदायको समावेशी सहभागितालाई सुनिश्चित गर्ने प्रयास गर्दै भनिएको छ,"आदिवासी जनजाति समुदायको राज्यको सबै अङ्गमा समावेशी-समानुपातिक प्रतिनिधित्व तथा आर्थिक, सामाजिक, भाषिक र सांस्कृतिक अधिकार सुनिश्चित गरी राजनीतिक, आर्थिक, सामाजिक समता, सहभागिता र समृद्धिको राष्ट्रिय अभियान सञ्चालन गर्नु राज्यको प्राथमिक कर्तव्य हुनेछ। राउटे, मुण्डा, कुशवाडिया, याल्मोलगायतका लोपोन्मुख आदिवासीको संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हुनेछ। त्यस्तै राउटे, चेपाङलगायत र सुदुर पश्चिमका अन्य पिछडिएका राना थारु, कटारीया थारू राजी समुदायलगायतमा आदिवासीको सामाजिक सुरक्षालाई पनि राज्यले उच्च प्राथमिकतामा दिनेछ (नेपाली काङ्ग्रेसको घोषणा-पत्र २०६४: २८)।

नेपाली काङ्ग्रेस संविधानसभा निर्वाचन २०७० मा पनि आदिवासी जनजातिको बारेमा मौलिक हक भन्ने अध्यायमा भनिएको छ "... दलित, आदिवासी, जनजाति, मधेशी समुदाय, महिला, अपाङ्गता भएका, अल्पसंख्यक, अति विपन्न, श्रमिक, सीमान्तकृित वर्ग, क्षेत्र र समुदायको अधिकार संरक्षण र सुनिश्चितताका लागि... नेपाली काङ्ग्रेस संघर्षरत... छ" (पृष्ठ ७)।

अझ अगाडि नेपाली काङ्ग्रेस संविधानसभा २०७० (पृष्ठ ११) मा सामाजिक न्याय, सामाजिक सुरक्षा, समावेशी राज्य संरचना र समानुपातिक प्रतिनिधित्व भन्ने शीर्षकमा पनि सबै नागरिकले सम्मानित र मर्यादित जीवन जिउन पाउने तथा आदिवासी जनजातिलगायत अन्य सबै वर्ग र पछाडि पारिएका क्षेत्र तथा वर्गलाई 'समावेशी सिद्धानतको आधारमा मुलुकको राज्य संरचना तथा सार्वजनिक सेवामा समावेशी समानुपातिक सहभागिताको सिद्धान्तको आधारमा सहभागी गराइने छ।'

यसरी पहिलो संविधानसभा २०६४ र दोश्रो संविधानसभा २०७० को नेपाली काङ्ग्रेसको घोषणापत्र दुवैमा आदिवासी जनजाति सम्बन्धी नीतिहरू, उनीहरूको हक, अधिकार, प्रतिनिधित्व आदि समावेशी समानुपातिक आधारमा हुनेजस्ता प्रतिबद्धता व्यक्त गरिएको थियो।

नेपालमा २०६४ साल र २०७० सालमा २ पटक संविधानसभाको निर्वाचन भएको थियो, नेपाली काङ्ग्रेसले संविधान सभा निर्वाचन-२०६४ मा प्रस्तुत गरेको घोषणापत्रमा समावेशी लोकतन्त्रको प्रावधान राखिएको छ। जसमा भविष्यको राज्य संरचना महिला, उत्पिडित, जनजाति/आदिवासी, मधेसी, दलित श्रमजीवी साथै समस्त पिछडिएको क्षेत्रलगायत आर्थिक- सामाजिक विकास प्रकृयामा पछाडि परेका जाति, समुदाय र वर्गहरू सवैको राज्य संरचनामा पहुँच पुग्ने समावेशी लोकतन्त्रको निर्माण एवम् विकास गर्न चाहन्छ भनिएको छ।

नेपाली काङ्ग्रेस विधान २०१७ मा पनि आदिवासी जनजातिको सन्दर्भमा निश्चित प्रावधानहरू राखिएको छ। जस्तै नेपाली काङ्ग्रेस (२०६६:२७) मा उल्लेख भएअनुसार १० निर्वाचन क्षेत्र भएको जिल्लामा प्रावधान खअनुसार "जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट वढिमा दुई पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा वीस जना सदस्य मनोनित गर्नेछ, यसरी मनोनित गर्दा कम्तिमा तीन दलित, तीन आदिवासी जनजाति, तीन मधेशी वा पिछडिएको वर्गबाट मनोनित गर्नुपर्नेछ (पृ. २७)।

काङ्ग्रेसको विधान २०१७ को परिच्छेद १५ मा महाधिवेशनको गठनअन्तर्गत महाधिवेशन प्रतिनिधिको चयन गर्दा आदिवासी जनजातिहरू मध्येबाट पनि प्रतिनिधित्व हुने गरी प्रतिनिधि पठाउनुपर्नेछ । त्यस्तै विधानको पेज नम्बर ५० र ५१ मा पनि मनोनित महाधिवेशन प्रतिनिधिसम्बन्धी व्यवस्थाअन्तर्गत महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय सभापतिले क्रियाशील सदस्यहरू मध्येबाट महाधिवेशनका लागि बढीमा ३० जना प्रतिनिधिहरू मनोनित गर्न सक्नेछ। यसरी मनोनित गर्दा महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक, पिछडिएका वर्ग, बुद्दिजीवी, अन्य पेसा व्यवसायमा रहेमा विशिष्ट व्यक्ति एवम् लोकतन्त्रको स्थापना र पुर्नस्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिहरू मध्येबाट प्राथमिकता दिनुपर्नेछ (नेपाली काङ्ग्रेस, केन्द्रीय कार्यालय, २०६६ नेपाली काङ्ग्रेस विधान २०१७, २०६६) ।

त्यस्तै यसैको निरन्तरतामा भनिएको छ, “महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय प्रतिनिधिहरू मध्येबाट महासमितिका लागि बढीमा १० जना सदस्य मनोनित गर्न सकिन्छ । यसरी मनोनित गर्दा महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक पिछडिएका वर्ग, बुद्दिजीवी, अन्य पेसा व्यवसायमा रहेका विशिष्ट व्यक्ति एवम् लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिहरूमध्येबाट प्राथमिकता दिनुपर्नेछ (नेपाली काङ्ग्रेस, २०६६:५) ।

नेपाली काङ्ग्रेसमा विधानको अर्को प्रावधानमा जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट पनि जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि मनोनित गर्ने २० जना सदस्य मध्ये कम्तिमा तीन दलित, तीन आदिवासी जनजाति पर्नुपर्ने भन्ने प्रावधान राखिएको छ (नेपाली काङ्ग्रेस, २०६६ः २७) ।

संविधान सभाको विघटनसँगै आदिवासी जनजातिको जातीय पहिचानको आधारमा राज्य पुर्नसंरचना गर्ने उद्येश्यमा कुठाराघात भएको ठहर गर्दै, आदिवासी जनजातिको पहिचानमा संकट भएको भन्दै आदिवासी जनजातिहरूले पार्टीमा ज्ञापन-पत्र दिएका थिए, यस समुदायको असन्तुष्टि त्यस समयमा पराकाष्ठामा पुगेको अवस्था थियो। पार्टीको १२औं महाधिवेशनद्वारा पारित नीति र कार्यक्रममा आदिवासी जनजातिको पहिचानका साथै राज्यको शक्ति साधन स्रोत र अधिकारमा सबैको पहुँच हुनुपर्ने तथा संविधान सभा निर्वाचन घोषणापत्रमा उल्लेखभएको नेपाली काङ्ग्रेसको प्रतिबद्धता “नेपाली काङ्ग्रेस नेपाली समाजमा विद्ययमान जातीय, भाषिक, सांस्कृतिक, धार्मिक एवम् क्षेत्रीय विविधतालाई नेपाली राष्ट्रियताको धरोहर मानिन्छ। तदनुरूप, आदिवासी जनजाति, मधेशीलगायत विभिन्न क्षेत्रबाट पहिचान र स्वायत्तताको आकाक्षांसहित मुखरित भएको संघीय गणतान्त्रिक राज्य संरचनाको मागलाई संवैधानिक प्रणालीमा मूर्तरूप दिने आफ्नो प्रतिबद्धतालाई यस घोषणापत्रका माध्यमबाट सार्वजनिक गर्दैछ (नेपाली काङ्ग्रेस, संविधानसभा निर्वाचन २०६४:११) भन्ने नीतिको स्मरण गराइएको थियो । आदिवासी जनजातिको पहिचान राज्यको स्रोतमा समान पंहुच, संघीय संरचनामा जातीय उपस्थिति आदि विषयमा उठेका सवालहरूमा छलफल गरी पछिल्लो समयमा आदिवासी जनजातिले उठाएका सवालहरूको निष्कर्षको खोजका लागि पार्टीको केन्द्रीय समितिले आषाढ ७, २०७९ मा केन्द्रीय सदस्य श्री भिमवहादुर तामाङको संयोजकत्वमा एउटा समिति गठन गरेको थियो, उक्त समितिले सरोकार वालाहरूसँग चरण चरणमा छलफल गरी मूलतः “पहिचान भेटिने र जातीय द्वन्द्व मेटिने” सङ्कल्प लिएर अघि बढ्नुपर्ने सुझाव दिएको थियो (नेपाली काङ्ग्रेस प्रतिवेदन, २०६९) ।

## नीतिनियमहरूको कार्यान्वयन पक्ष

आदिवासी जनजातिहरूको राज्यको विभिन्न अङ्ग, स्रोत र साधनहरूमा समान अधिकार तथा समानुपतिक सहभागिताका लागि विभिन्न नीति नियमहरू संविधानदेखि लिएर दलहरूका विधान, दस्तावेजहरू तथा घोषणापत्रहरू प्रशस्त पाइन्छ तर कार्यान्वयन पक्ष अत्यन्तै फितलो रहेको छ। मन्त्रीमण्डलदेखि लिएर राज्यका अन्य महत्त्वपूर्ण अङ्गहरूमा अत्यन्त गौण उपस्थिति रहेको छ । डा. हर्क गुरुङको भनाइ यहाँ सान्दर्भिक देखिन्छ "घोषणा गर्ने तर कार्यान्वयन नगर्दा समस्याहरू भाँगिदै जान्छन् । फलस्वरूप आरक्षण, समानुपातिक प्रतिनिधित्व, स्वशासन, संघीय सरकार, आत्मनिर्णयको अधिकार, आदि विषयहरू वहसमा चुलिँदै गएका छन्....राजनैतिक दलहरूको विधान र चुनावी घोषणापत्रमा समानता तथा सामाजिक न्याय संम्वन्धी प्रशस्त प्रतिवद्धता पाइन्छ । ठुला दलहरूको त पिछडिएका तथा शोषित समुदायका नाममा भातृ सङ्गठनहरू पनि छन् तर पनि सो दलहरू शासनमा हुँदा उपेक्षित र शोषितका मुद्दाहरू किन ओझेलमा पर्दछन्? यसवारे नेपाली राजनीतिका जानिफकार स्टेफेन माईकसेलको निर्कोल यस्तो छ । एक राजनैतिक दलहरू सम्भ्रान्तवर्गबाट सञ्चालित हुनाले पिछडिएका समुहको समस्या प्रतिबद्ध छैनन् र दुई, तिनका भातृ सङ्गठनहरू दल-नेतृत्वका स्वार्थहरूसँग बढी सरोकार चुनावी उद्देश्यहरूका लागि आपसमा भिड्नतिर लागे..." (गुरुङ, २००६ः १८३) ।

## निष्कर्ष

नेपालको संविधान २०७२ तथा नेपाली काङ्ग्रेसका घोषणापत्रहरू त्यस्तै नेपाली केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान केन्द्रीय कार्यालयको नीतिहरू तथा अन्य नीतिगत पुस्तिकाहरूबाट के प्रस्ट हुन्छ भने मूलतः नेपाली काङ्ग्रेस आदिवासी जनजातिहरूको पहिचान तथा उनीहरूको हक अधिकारको बारेमा सजग रहेको छ । आदिवासी जनजातिको योगदान पनि नेपाली काङ्ग्रेसमा प्रशस्त रहेको छ र नेपाली काङ्ग्रेसको स्थापना कालतिर उनीहरूको सहभागितामा विशेष जोड पनि दिइएको थियो, जुन त्यस बेलाको मन्त्रीमण्डलमा सहभागी गराइएका सदस्यहरूको नामबाट पनि प्रस्ट हुन्छ। मूलतः यस लेखमा आदिवासी जनजातिको प्रतिनिधित्व भन्दा पनि आदिवासी जनजातिसम्बन्धी नेपाली काङ्ग्रेसका नीतिहरूको बारेमा चर्चा भएकाले नीतिहरू बनेको छ तर त्यसको कार्यान्वयन कस्तो छ हेर्नुपर्ने हुन्छ। सुरुवाति दिनहरूमा आदिवासी जनजाति सम्बन्धी नीतिहरू बढि उनीहरू तिर लक्षित भए तापनि पछि गएर आदिवासी जनजातिलाई अन्य थुप्रै वर्ग र समुदायसँग गोलमोटल गरेर नीति बनाइएको पाइएको छ। समग्रमा भन्नु पर्दा नेपाली काङ्ग्रेसले आदिवासी जनजातिलाईमात्र लक्षित गरी छुट्टै नीति बनाएको कमै देखिन्छ।

## सन्दर्भ सामग्री

अधिकारी, सूर्यमणि, २०७८, नेपाली काङ्ग्रेसको इतिहास, भुंडीपुराण प्रकाशनः काठमाडौँ ।

आदिवासी जनजाति विकिपिडिया।

खनाल, कृष्ण, २०८० 'विश्वेश्वरप्रसाद कोइराला : चेतना, चिन्तन र राजनीति, ओरिएण्टल पव्लिकेसन।

गुरुङ, सावित्री, २०८२, चिन्तनः नेतृत्व विशेष,प्रजातान्त्रिक विचार समाज, काठमाडौँ (पृः९१-९३) ।

गुरुङ, सावित्री, २०६४, हाम्रो सम्पदा, वर्ष ७, अंक ८, (पृः १५०-१५२) ।

गुरुंग, हर्क, २००६, जनजाति सेरोफेरो, नेपाल आदिवासी जवजाति महासंघ, काठमाडौं ।

वस्नेत, पुरुषोत्तम, २०६६, नेपाली काङ्ग्रेसको इतिहासको प्रारूप, पुरुषोत्तम बस्नेत ।

नेपाली काङ्ग्रेसको विधान २०१७ (संशोधनसहित), २०७६, नेपाली काङ्ग्रेस ।

नेपाली काङ्ग्रेस केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान, २०७० 'प्रशिक्षण सहयोगी पुस्तिका' नेपाल काङ्ग्रेस केन्द्रीय कार्यालय काठमाडौँ ।

नेपाल सरकार, २०७२, 'नेपालको संविधान २०७२' नेपाल सरकार ।

नेपाली काङ्ग्रेस, केन्द्रीय कार्यालय २०६६ 'नेपाली काङ्ग्रेस विधान २०१७' नेपाली काङ्ग्रेस ।

नेपाली काङ्ग्रेस संविधान सभा निर्वाचन, २०६४ 'नेपाली काङ्ग्रेसको घोषणापत्र-२०६४' नेपाली काङ्ग्रेस, वि. पि. स्मृति भवन, काठमाडौँ ।

नेपाली काङ्ग्रेस संविधान सभा निर्वाचन, २०७०, संविधान सभा निर्वाचन-२०७०ः नेपाली काङ्ग्रेसको घोषणापत्र, वि. पि. स्मृति भवन, काठमाडौँ ।

न्यौपाने, गोविन्द, २००५, नेपालको जातीय प्रश्नः सामाजिक वनोट र साझेदारिको सम्भावना, सेण्टर फर डेभलपमेण्ट स्टडिज, काठमाडौं ।

सुव्वा, चैतन्य, २०६० 'विश्व आदिवासी दिवस अगस्त ९, २००१ः प्रतिवेदन, नेपाल जनजाति महासंघ, काठमाडौँ ।

सुव्वा, चैतन्य, २०५६ 'जनजाति' जनजाति विकास समिति, काठमाडौँ ।

देउवा, शेरबहादुर (२०७८), नेपाली काङ्ग्रेस १४ औँ महाअधिवेशनः मेरो प्रतिबद्धता, शेरबहादुर देउवा ।